स्थानीय सरकार

मेलुङ गाउँपालिका

ཨེ་ལུང་ གཱ་ཛུ་པ་ལི་ཀཱ། मेलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भेड्पु, दोलखा
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या : ०८३/८४
चलानी नम्बर : २००

मिति २०८३/०६/०८
ने.सं ११४६ अंलाथ्व त्रयोदशी

विषय: विद्यालय बन्द रहने सम्बन्धमा।

सामुदायिक विद्यालय सबै,
मेलुङ गाउँपालिका, दोलखा।

प्रस्तुत विषयमा नेपाल सरकार, मौसम विज्ञान विभागद्वारा मिति २०८३ असोज ६ गते जारी मौसमी बुलेटिन अनुसार यही असोज ९ गते शुक्रवार देखि असोज ११ गतेसम्म देशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङ्ग र हावाहुरीसहित भारी/अतिभारी वर्षा हुन सक्ने सम्भावना रहेको छ। साथै, नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०८३/०६/०७ गतेको पत्रानुसार सबै विद्यार्थी एवं बालबालिका, शिक्षक तथा कर्मचारी सुरक्षित रहने गरी असोज ८ र ९ गते स्थानीय तहको समन्वयमा आवश्यकता अनुसार विद्यालय विदा गर्न/गराउन भनिएको छ। सोही सूचना बमोजिम यस गाउँपालिका क्षेत्रमा समेत मिति २०८३/०६/०७ गते राती देखि नै निरन्तर वर्षा भइरहेको हुँदा, मिति २०८३ साल असोज ९ गते मेलुङ गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण विद्यालयहरू विदा गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

.....
भुवन चापागाई
प्रमुख प्रशासकीय अधिकृत